# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, फागुन १२ गते २०३१ साल [अतिरिक्ताङ्क ४७ (क)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–राज्याभिषेकको राष्ट्रिय खुशियालीको पुनीत उपलक्ष्यमा परम्परा र प्रचलनबमोजिम श्री ५ को सरकारले पुराना बक्यौता अव[illegible]नी दण्ड जरिवाना माफी गर्ने सम्बन्धमा देहायबमोजिमको निर्णय गरेको हुनाले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अदालतको अन्तीम निर्णयबाट सजाय पाउने भएका व्यक्तिहरू पक्राउ नभै फेला नपरेका सम्मको २००७ साल फागुन ७ गतेदेखि २०२८ साल माघ १७ गतेसम्मको असूल गर्न बाँकी बिगो, दण्ड र जरिवाना देहायबमोजिम गरी माफी गरी दिने ।

(क) ज्यान, डाँका, गौवध, जवर्जस्ती करणी, राजकाज मुद्दामा बात लागका खूद अपराधी बाहेक सो मुद्दामा साक्षी सरजमिन र अरू मुद्दामा समेत सजाय पाउने व्यक्ति फेला नपरेकोमा जायजात भई सकेको रहेछ भने तोकिएको कैद सजाय जायजात नभएकोमा १० वर्ष पुगी सकेकोलाई कैदको हकमा कुनै प्रकारको नगदी धरौटी रहेको भए सो सदर स्याहा गरी दण्ड जरिवाना समेत माफी गरी दिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सरकारी तहबिल मसौट गरेको र दुनियाको बिगो बाहेक अरू गैह्र मुद्दामा जायजात भैसकेको तर जायजातबाट उपर हुन नसकेको र मानिस फेला नपरी पक्राउ नभै रहेको सम्मको बाँकी सरकारी बिगो दण्ड, जरिवाना दसौंद र बिसौंद माफी गरी दिने।

(ग) सरकारी तहबिल मसौट गरेको र दुनियाँको बिगो बाहेक अरू गैह्र मुद्दामा लागेको सरकारी बिगो दण्ड, जरिवाना, दसौंद बिसौंद जायजात भैनसकेता पनि त्यस्तो असूल गर्नु पर्ने अंक जवान १ संग बढीमा रू. १,०००।– सम्मको भए माफी गरी दिने।

दण्ड जरिवाना लागेको सर्वस्व भएको कोर्ट फी वा कैदको सजाय बापत नगद तिर्नु पर्ने व्यक्ति मरेको वा बेपत्ता भएको कारणले असूल तहसिल हुन नसकेकोमा त्यस्ताको लगत कट्टा गर्न अञ्चल तथा जिल्ला अदालत नियमावली, २०२० बमोजिम प्रत्येक जिल्लामा रहने सम्बन्धित जिल्ला न्यायाधीशको अध्यक्षतामा एक समिति गठन भ रहेकोले सोही समितिलाई निर्देशन सहित अधिकार दिन र उक्त समितिले दिएको मिनाहा ठीक बेठीक जाँची निस्सा दिन प्रत्येक अञ्चलमा सम्बन्धित अञ्चल न्यायाधीशको अध्यक्षतामा सम्बन्धित अञ्चलाधीश कार्यालयका प्रतिनिधि १ जना, सम्बन्धित भूमिप्रशासक वा माल अड्डाका हाकिम सदस्य रहेको प्रत्येक अञ्चलमा अर्को एक एक समिति गठन गर्न र उक्त कार्य निर्णय भएको मितिले १ वर्षभित्र टुंग्याउने समेत निर्णय भएको छ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

२६६

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।